# प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति, २०६९

## १. पृष्ठभूमि

नेपालको व्यावसायिक शिक्षाको इतिहास धेरै लामो छ । लिच्छवि कालदेखि नै अनौपचारिक रूपमा सिकेका सीपहरूलाई उपयोग गर्दै हस्तकला, मूर्तिकला तथा वास्तुकलाका वस्तुहरूको उत्पादन र व्यवसाय गरेको पाइन्छ । त्यस्तै गरी मल्ल कालमा आएर सीपमूलक कार्यहरूले अझ व्यापकता पाएको सो अवधिका मूर्ति र वास्तुकलाबाट थप पुष्टि हुन्छ । शाहकालीन तथा राणाकालीन समयमा पनि कालीगढी व्यवसायले व्यापकता पाएको र बेलायतबाट कालीगढहरू झिकाई नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो । औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट भएको हो । त्यस्तै गरी वि.सं. २०१९ सालमा बालाजुमा स्थापित मेकानिकल प्रशिक्षण केन्द्र र बुटवल टेक्निकल इन्स्टिच्युटबाट व्यावसायिक तालिम व्यवस्थित रूपमा दिन सुरु भयो । त्यस्तै गरी सन् १९६० को दशकमा बहुउद्देश्यीय विद्यालयहरू स्थापना गरी विद्यालयहरूमा व्यावसायिक शिक्षाको सुरुवात गरियो, जुन धेरै प्रभावकारी हुन सकेन । तत्पश्चात् नयाँ शिक्षा प्रणाली वि.सं.२०२८ मा सुरु भई प्रत्येक माध्यमिक विद्यालयमा कम्तीमा एक विषयमा व्यावसायिक शिक्षा पढाउनुपर्ने व्यवस्था गरियो । जुन धेरै समय लागू हुन सकेन ।

सोही क्रममा वि.सं. २०३७ सालमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रभावकारी रूपमा विकास गर्ने उद्देश्यले आधुनिक प्राविधिक शिक्षालयको सुरुवात भयो । सरकारी स्तरबाट प्राविधिक शिक्षालय सञ्चालन भएको एक दशकपछि अर्थात् वि.सं. २०४५ सालमा यसलाई गरिब जनताको पहुँचमा प्रभावकारी रूपमा पुऱ्याउने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन भयो । परिषद्ले कार्य अघि बढाउँदै जाँदा वि.सं. २०५० देखि निजी स्तरमा पनि प्राविधिक शिक्षालय सञ्चालन स्वीकृति दिने कार्यको थालनी भयो ।

## २. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको वर्तमान अवस्था

नेपालले प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका क्षेत्रमा राम्रो विकास गरेको पाइन्छ । हाल सरकारी स्तरमा १२ र निजी स्तरमा २१६ ओटा प्राविधिक एसएलसी कार्यक्रम सञ्चालित छन् । त्यस्तै ४५ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित छ, जुन यस वर्ष ७५ वटै जिल्लामा पुऱ्याउने कार्यक्रम रहेको छ । सोहीअनुरूप सरकारी स्तरमा १६ र निजी स्तरमा १६२ ओटा डिप्लोमा (सर्टिफिकेट) तहको प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित छ । त्यसै गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा आबद्ध भई ५५ ओटा संस्थाहरूले व्यावसायिक तालिम चलाइरहेका छन् । व्यावसायिक सीप विकास तालिम निर्देशनालयअन्तर्गत १२ केन्द्र, घरेलु तथा साना उद्योग विभागले २७ जिल्लामा र घरेलु तथा साना उद्योग विकास समितिअन्तर्गत ४८ जिल्लाले व्यावसायिक तालिम सञ्चालन गरिरहेका छन् । आफ्नै हिसाबले व्यावसायिक तालिम सञ्चालन गर्ने संस्थाको सङ्ख्या करिब ४०० छन् । त्यसै गरी विभिन्न निकायबाट वार्षिक करिब २५,००० जनाले प्राविधिक शिक्षा र ४०,००० जनाले व्यावसायिक तालिम प्राप्त गरिरहेका छन् ।

## ३. युवा र रोजगारीको अवस्था

नेपालमा प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवाहरू र रोजगारीको उपलब्धताबीच तादात्म्य हुन सकेको देखिँदैन । कुल जनसङ्ख्याको ३३ प्रतिशत हिस्सा युवाहरूले ओगटेका छन् भने त्यसमा महिला र पुरुषको अनुपात करिब बराबर नै छ । नेपाल जीवनस्तर सर्वेक्षण, २०१० काअनुसार पन्ध्र वर्षभन्दा माथिको जनसङ्ख्याको साक्षरता दर करिब ५७

प्रतिशत छ । सोही प्रतिवेदनअनुसार विगत दशकमा निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्यामा करिब १६ प्रतिशतले कमी आई करिब २५ प्रतिशतमा झरेको छ । यस उपलब्धिमा विप्रेषणको उल्लेख्य योगदान रहेको तथ्य विभिन्न अध्ययनहरूले औंल्याएका छन् र नेपालका ५५.८ प्रतिशत घरधुरीले विप्रेषण प्राप्त गरिरहेको तथ्यले समेत यसको पुष्टि गर्दछ । वैदेशिक रोजगारीमा जाने युवामा २ प्रतिशत मात्र दक्ष एवम् अर्ध दक्ष कामदारका रूपमा जाने गरेको अवस्थाले पनि सीप विकासको आवश्यकतालाई स्पष्ट सङ्केत गर्दछ ।

## ४. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका मुद्दाहरू

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमले सङ्ख्यात्मक प्रगति गरे पनि गुणात्मक सुधारका लागि अझ धेरै काम गर्न बाँकी छ । विद्यमान प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाहरूमध्ये ठूलो सङ्ख्यामा निजी क्षेत्रबाट सञ्चालन भई न्यून सङ्ख्यामा मात्र सरकारद्वारा सञ्चालित छन् । साथै अधिकांश त्यस्ता संस्थाहरू सहर केन्द्रित रहेकाले धेरै कम सङ्ख्यामा मात्र गरिब तथा पिछडिएका वर्गका प्रशिक्षार्थीहरूको पहुँच त्यस्ता संस्थामा पुग्न सकेको छ । त्यस्तै गरी तालिम कार्यक्रमहरू बजारको मागअनुरूप सञ्चालन हुन नसकेकाले एकातिर उत्पादित जनशक्तिले काम पाउन कठिनाइ भएको छ भने अर्कोतर्फ व्यवसायीहरूबाट दक्ष जनशक्ति प्राप्त नभएको गुनासो आउनुका साथै वैदेशिक श्रम बजारमा समेत नेपाली युवाहरू प्रतिस्पर्धी बन्न कठिनाइ भइरहेको छ । त्यसै सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले निम्नानुसारको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकासम्बन्धी नीति, २०६४ जारी गरेको थियो ।

**नेपालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति, २०६४**

| उपलब्धिहरू | मुख्य नीतिगत क्षेत्र | रणनीतिहरू |
|---|---|---|
| नागरिकहरूका लागि:<br>इच्छुक नेपाली नागरिकहरूका लागि कम्तीमा ३ महिना अवधिको रोजगारीमूलक नि:शुल्क तालिमको अवसर र जीवनपर्यन्त सिकाइका लागि सशुल्क तालिमका अवसरहरू प्रदान हुने छन् । | तालिम का अवसरहरूमा व्यापक विस्तार (Expansion) | • लचिलोपन, नियमन, स्वायत्तता, विकेन्द्रीकरण अवलम्बन गरिने ।<br>• संस्थागत र भरपर्दो तालिम प्रदायकहरूलाई प्रारम्भिक तहको सहयोग नि:शुल्क गरिने ।<br>• उत्पादनको गुणस्तरको सुनिश्चितता (राष्ट्रिय व्यावसायिक स्तरसँग सुहाउँदो) प्रदान गरिने ।<br>• उपभोक्ताको हक, हित, सुरक्षित गर्ने तत्वका रूपमा वस्तुगत कार्यसम्पादन, पारदर्शिता र गुणस्तर चिन्हहरूको व्यवस्था गरिने । |
| तालिम प्रदायकहरूका लागि:<br>विद्यालयबाट बाहिरिएका युवाहरूका लागि सीप विकास गर्ने काममा सहयोग गर्न र राष्ट्रिय जनशक्तिको विकासमा सहयोग गर्न प्रोत्साहन मिल्ने छ । | तालिम आवश्यक पर्ने सबै नागरिकका लागि पहुँचको सुनिश्चितता र समावेशीकरण (Inclusion and Access) | • न्यूनतम सुविधाबाट वञ्चित समूहका नागरिकहरूका लागि प्रशिक्षण शुल्क र निर्वाह भत्ता सुनिश्चित गरिने ।<br>• खुल्ला परीक्षणको व्यवस्थाका लागि पूर्व सिकाइको अनुभवलाई मान्यता दिइने ।<br>• प्रवेश तहमा व्यवसायिक मापदण्डहरू निर्धारण गरिने ।<br>• शैक्षिक मूलप्रवाहका लागि तयारीका कार्यक्रमहरू सञ्चालन गर्ने र प्रशिक्षणका सहयोगी सामग्रीहरू निर्माण गरिने । |
| व्यवसाय गर्ने समुदायका लागि:<br>दक्ष र आत्मविश्वासी कामदारको आपूर्ति गर्ने काममा व्यापक विस्तार हुने छ । यसबाट राष्ट्रिय उत्पादकत्वमा अभिवृद्धि हुने छ । | विभिन्न प्रकृतिका तालिम र व्यावसायिक वृत्तिविकासको प्राज्ञिक मार्गको (Pathways) भरपर्दो एकीकरण र संयोजन (Integration) | • व्यावसायिक योग्यताको प्रारूप तयार गरी सो प्रारूपभित्र औपचारिक र अनौपचारिक तालिम का विषयवस्तुलाई सिकाइका श्रेणीका मार्गका रूपमा विकास गरिने ।<br>• साधारण शिक्षाले निर्धारण गरेअनुसारको प्राज्ञिक योग्यताको समकक्षी बनाउन नपुग पाठ्यक्रमहरू तयार गरिने ।<br>• विशिष्टीकृत पेसागत वृत्ति विकासका तहहरूको प्रवर्द्धन गर्ने ।<br>• जनशक्तिलाई वृत्तिविकासमा टेवा पुग्ने गरी जीवनपर्यन्त सिकाइका लागि मार्गदर्शन (Career guidance) तयार गर्ने । |

| | | |
|---|---|---|
| सारः<br>प्राविधिक शिक्षा, व्यावसायिक तालिम र सीप विकासका लागि सबल र सक्रिय बजारको विकास हुने छ । | सिकारुका दक्षता वृद्धि र पाठ्यवस्तुको सान्दर्भिकता (Relevance) मा जोड | • औद्योगिक अनुभवसहितका र कार्य सञ्चालन अनुमतिपत्र भएका (Licensed trainers) प्रशिक्षकहरू तयार गर्ने ।<br>• आवश्यकता पहिचान गरी पेसागत मापदण्डमा आधारित पाठ्यक्रमहरू तयार गर्ने ।<br>• व्यावहारिक तालिम (कार्यगत र परियोजनाहरू) को व्यवस्था गर्ने<br>• स्वायत्त परीक्षा र प्रमाणपत्र प्रणालीको विकास गरिने । |
| | दिगो (sustained) लगानी (Funding) कोष र संयन्त्रहरू | • सरकारी लगानीमा व्यापक अभिवृद्धि गरिने ।<br>• निःशुल्क तीन महिने तालिम को व्यवस्था गरिने ।<br>• दातृ निकायबाट हुने सहयोगको सामूहिक र एकीकृत उपयोग गरिने ।<br>• जिल्ला स्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विकास कोष (Fund) को व्यवस्था गरिने ।<br>• विगतमा छात्रवृत्ति पाएर तालिम प्राप्त गर्नेहरूबाट हुन सक्ने सहयोगका सम्भावनाको खोजी गरिने । |

माथि उल्लिखित २०६४ को नीतिमा थप स्पष्टता ल्याउन र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका निमित्त उद्देश्य र रणनीतिहरूलाई अद्यावधिक गरी कार्यनीतिहरू समेत थप गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको उल्लिखित नीति, २०६४ मा परिमार्जन गर्न आवश्यक देखिएकाले मन्त्रिपरिषद्को मिति २०६६।१०।१३ गतेको निर्णयअनुसार माननीय शिक्षा मन्त्रीज्यूको अध्यक्षतामा गठित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सुझाव समितिले दिएको सुझावअनुरूप विद्यमान प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीति, २०६४ लाई परिमार्जन गरी यो प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति, २०६९ जारी गरिएको छ ।

**उद्देश्य १**

देशको आर्थिक उन्नतिका लागि योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्ने ।

**नीति**

१. १ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूमा व्यापक विस्तार गर्ने

**रणनीति**

१.१.१ सबै भौगोलिक क्षेत्र एवम् समुदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने

१.१.२ विकेन्द्रीकरण, साझेदारी, स्वायत्तता, लचिलोपना र सरल नियमन व्यवस्था र आवश्यकताअनुसार मागको समेत सिर्जना गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने

१.१.३ अनुकूल मापदण्ड लागू गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायकहरूलाई प्राथमिकता प्राप्त क्षेत्रमा कार्य गर्न प्रोत्साहन गर्ने ।

**कार्यनीति**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई अलग-अलग धारका रूपमा विकास गरी सरकारी, गैर सरकारी, सहकारी तथा निजी तालिम प्रदायकहरूमार्फत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको विस्तार गर्ने

२. विभिन्न विषय एवम् भौगोलिक क्षेत्रलाई समेट्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन गर्ने

३. केन्द्रमा आधारित, एप्रेन्टिससिप र घुम्तीलगायतका विभिन्न ढाँचाका व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालित आङ्गिक शिक्षालय र व्यावसायिक तालिम केन्द्रहरूलाई नमुना तालिम संस्थाका रूपमा विकास गर्ने

५. सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिएको प्राविधिक शिक्षाको कार्यढाँचामा सुधार गरी यी विद्यालयहरूमार्फत व्यावसायिक तालिम कार्यक्रमहरू समेत सञ्चालन गर्ने

६. श्रम बजारमा प्रवेश गर्ने व्यक्तिहरूलाई व्यावसायिक तालिम प्रदान गर्न सरकारी, गैर सरकारी, सामुदायिक र निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने

**नीति**

१.२ व्यावसायिक तालिममा पहुँचको सुनिश्चिता र समावेशीकरण गर्ने

**रणनीति**

१.२.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूमा आर्थिक, सामाजिक एवम् भौगोलिक रूपमा पछाडि परेका नागरिकहरूको पहुँच बढाउन विभिन्न प्रोत्साहन प्याकेजहरू उपलब्ध गराउने

१.२.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायको समावेशीकरणका लागि विशेष सहुलियतको नीति अवलम्वन गर्ने

**कार्यनीति**

१. विभिन्न क्षेत्र तथा वर्गका नागरिकहरूका आवश्यकता पहिचान गरी सोको सम्बोधन गर्न उपयुक्त कार्यक्रम, सामग्री एवम् सूचना प्रणालीको विकास र विस्तार गर्ने

२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग, विपन्न एवम् सामाजिक तथा भौगोलिक रूपमा पछाडि परेका इच्छुक नागरिकहरूको पहुँच तथा सहभागिता सुनिश्चित गर्नका लागि छात्रवृत्ति, निःशुल्क कोटा, न्यूनतम शुल्क र सहुलियत ऋण जस्ता सुविधाहरू उपलब्ध गराउने

३. दुर्गम ग्रामीण क्षेत्रहरूको आवश्यकताअनुरूप प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम दिने कार्यमा संलग्न संस्था तथा व्यक्तिलाई विशेष प्रोत्साहन गर्ने

**उद्देश्य २**

परम्परागत सीप, क्षमता र योग्यताको पहिचान, संरक्षण, संवर्धन र विकास गर्नुका साथै औपचारिक तथा अनौपचारिक रूपमा सिकेका सीपलाई समेत समेटी राष्ट्रिय र अन्तरराष्ट्रिय रोजगार बजारको मागअनुरूप उपयुक्त, सान्दर्भिक एवम् गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदान गर्ने

**नीति**

२.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा व्यावसायिक वृत्ति विकासको प्राज्ञिक मार्गको समायोजन तथा स्तर निर्धारण गर्ने

**रणनीति**

१. राष्ट्रिय प्राविधिक तथा व्यावसायिक योग्यता प्रारूप तयार गर्ने

२. प्राविधिक तथा व्यावसायिक योग्यता प्रणाली लागू गर्न आवश्यक पर्ने कानुनी तथा संस्थागत संरचना, भौतिक पूर्वाधार एवम् मानवीय संसाधन तयार गर्ने

**कार्यनीति**

१. तालिम पूर्व औपचारिक, अनौपचारिक, एप्रेन्टिससिप एवम् परम्परागत ढाँचामा वा यिनीहरूको संयोजनबाट सिकेको सीपलाई सीप परीक्षण पद्धतिअन्तर्गत परीक्षण र प्रमाणीकरण गर्ने

२. प्रशिक्षार्थीहरूलाई राष्ट्रिय प्राविधिक तथा व्यावसायिक योग्यता प्रारूपअन्तर्गत उपल्लो तहमा उक्लने स्पष्ट आधारहरू तयार गरी तालिम तथा अध्ययन मार्फत वृत्ति विकासका अवसरहरू उपलब्ध गराउने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमबाट सिकेका ज्ञान तथा सीपलाई साधारण शिक्षातर्फ समेत समकक्षताको पाठ्यभारअनुरूप मान्यता दिने व्यवस्था मिलाउने

४. इच्छुक नागरिकहरूलाई तालिम कार्यक्रममार्फत वृत्ति विकासमा टेवा पुग्ने किसिमले निरन्तर सिकाइमा संलग्न हुनका लागि उपयुक्त सूचना र सेवा सञ्चालन गर्ने

५. राष्ट्रिय सीप परीक्षण समितिलाई राष्ट्रिय व्यावसायिक योग्यता परीक्षण प्राधिकरणका रूपमा क्रमशः विकास गर्ने

**नीति**

१.. प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमको पाठ्यक्रम कार्यान्वयनमा गुणस्तर र सान्दर्भिकतामा जोड दिँदै सरोकारवालाहरू समेत सम्मिलित संयन्त्रबाट त्यसको स्वतन्त्र मूल्याङ्कन गर्ने

**रणनीति**

१. शिक्षालय स्थापना र सञ्चालनको निमित्त स्पष्ट मापदण्ड र पारदर्शी कार्य प्रक्रिया लागू गर्ने

२. मुख्य प्रशिक्षक, प्रशिक्षक र तालिम सहजकर्ता भई काम गर्ने व्यक्तिहरूको योग्यता निर्धारण गरी प्रशिक्षण अनुमति पत्रको व्यवस्था लागू गर्ने

३. आवश्यकता पहिचान गरी पेसागत मापदण्डमा आधारित लामो तथा छोटो अवधिका शिक्षा एवम् तालिम पाठ्यक्रमहरू तयार गरी बजारको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने

४. उत्पादनको गुणस्तरको सुनिश्चितताका लागि स्वायत्त परीक्षा एवम् मूल्याङ्कन प्रणालीको विकास गर्ने

**कार्यनीति**

१. स्वदेशी तथा वैदेशिक रोजगार बजारको मागलाई सम्बोधन गर्ने गरी राष्ट्रिय प्राविधिक तथा व्यावसायिक योग्यता प्रणालीको प्रारूपभित्र पाठ्यक्रममा नियमित सुधार तथा परिमार्जन गर्ने । श्रमबजारको आवश्यकताका साथै उद्यमशीलता विकासमा समेत लक्षित गरी पाठ्यक्रम विकास तथा परिमार्जन गर्ने

२. पाठ्यक्रमलाई आन्तरिक तथा वैदेशिक रोजगार बजारको मागअनुरूप बनाउनका लागि अनुसन्धान र विकासलाई यसको अभिन्न अङ्गका रूपमा अघि बढाउने

३. सरकारी तथा अर्ध(सरकारी तालिम प्रतिष्ठानहरूमा संलग्न प्रशिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण तालिम तथा प्रशिक्षण अनुमति पत्र अनिवार्य गर्ने

४. सामुदायिक, निजी तथा गैर सरकारी क्षेत्रका व्यावसायिक तालिम प्रदायकहरूमा समेत प्रशिक्षक तालिम र प्रशिक्षण अनुमति पत्र प्राप्त गरेका व्यक्तिहरूलाई संलग्न गराउन प्रोत्साहन गर्दै यस व्यवस्थालाई क्रमशः अनिवार्य गर्ने

५. सरकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्रमा कार्यरत प्रशिक्षकहरूलाई समेत वृत्ति विकास, तालिम र अध्ययन जस्ता क्षमता अभिवृद्धिका अवसरहरू उपलब्ध गराउने

६. कार्यगत अभ्यास आवश्यक पर्ने व्यावसायिक तालिमहरूमा यस किसिमको अभ्यासलाई अनिवार्य गर्दै लग्ने

७. मानव संसाधन एवम् आर्थिक तथा भौतिक सुविधासहितका मापदण्ड पूरा गरेका संस्थाहरूलाई मात्र प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सञ्चालन गर्न अनुमति प्रदान गर्ने

८. प्राविधिक शिक्षालय तथा तालिम केन्द्रहरूको भौतिक पूर्वाधार, मानव संसाधन शैक्षिक प्रक्रिया स्तर, समावेशीता, विद्यार्थी उपलब्धि तथा समग्र गुणस्तर समेतको राष्ट्रिय मापदण्ड तयार गरी लागू गर्ने

९. स्तरीकरण तथा गुणस्तर एकाइको प्रभावकारी परिचालनमार्फत निर्धारित मापदण्डअनुरूप सञ्चालन भएका शिक्षालय एवम् संस्थाहरूलाई स्तरीकरण (एक्रिडेसन) प्रणालीमा ल्याई सोको आधारमा वर्गीकरण गर्ने र उच्च दक्षता प्रदर्शन गर्ने संस्थाहरूलाई उत्कृष्टताको प्रमाण पत्र प्रदान गर्ने

१०. विदेशमा काम गरेर अनुभव प्राप्त गरेका सीपयुक्त जनशक्तिहरूलाई समेत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासका निमित्त स्रोत व्यक्तिका रूपमा उपयोग गर्ने

११. आन्तरिक एवम् वैदेशिक श्रमबजारको मागसँग सम्बन्धित तथा प्रचलनमा रहेका पेसाहरूसमेत विचार गरी विभिन्न किसिमका सीपमा आधारित योग्यताका मापदण्डहरू तयार गरी तालिम सञ्चालन गर्ने

१२. सबै किसिमका सीपहरूको परीक्षण गर्न सकिने गरी सीप परीक्षण प्रणालीलाई अद्यावधिक, स्तरीय र वैज्ञानिक बनाइने

१३. आवश्यक भौतिक एवम् शैक्षिक पूर्वाधार विकास गरी सीप परीक्षण प्रणालीलाई देशका विभिन्न भागमा विस्तार गर्ने

१४. रोजगारीका निमित्त सीप परीक्षण प्रमाण पत्र अनिवार्य गर्ने तयारी गर्दै तत्कालका लागि त्यस्तो प्रमाण-पत्र प्राप्त व्यक्तिहरूलाई काम दिन रोजगारदाताहरूलाई प्रोत्साहित गर्ने

१५. वैदेशिक रोजगारीमा जान चाहेका व्यक्तिहरूलाई सीप परीक्षण प्रमाण पत्र प्राप्त गर्न प्रोत्साहन गर्दै पाँच वर्षभित्र यसलाई अनिवार्य गर्दै लगिने

१६. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको क्षेत्रमा भएका कार्यहरूको समय समयमा स्वतन्त्र मूल्याङ्कन गर्ने र सो प्रयोजनका लागि सरोकारवालाहरू समेत सम्मिलित मूल्याङ्कन समिति गठन गर्ने

**उद्देश्य ३**

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक निकाय तथा संस्थाहरूलाई समन्वयात्मक रूपबाट अघि बढाई स्रोत र साधनको अधिकतम उपयोग गर्ने

**नीति**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि नेपाल सरकार र दातृ निकायको संयुक्त लगानीमा कोष स्थापना गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रभावकारी रूपमा सञ्चालन गर्ने

**रणनीति**

१. एकद्वार प्रणालीबाट दिगो लगानीको व्यवस्था गर्ने

२. सरोकारवाला संस्थाहरूको अधिकार र जिम्मेवारी स्पष्ट गरी कार्यमा समन्वय गर्ने

३. श्रमबजार सूचना प्रणाली तथा तालिम व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने

४. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने

**कार्यनीति**

१. शिक्षा मन्त्रीको अध्यक्षतामा राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालयहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, स्थानीय निकायका महासङ्घहरू, उद्योग वाणिज्य महासङ्घ, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू, निजी क्षेत्रका तालिम प्रदायकहरू र यस क्षेत्रका पेसाविद्हरूसमेतको प्रतिनिधित्व हुने गरी एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कोष गठन गरिने छ र सो कोषको सचिवालय शिक्षा मन्त्रालयमा रहने छ।

२. उक्त कोषमार्फत कोषसम्बन्धी नीति निर्माण र त्यसको परिचालन तथा यस क्षेत्रमा संलग्न विभिन्न निकायहरूबीच समन्वयका साथै दातृ निकायहरूबाट यस प्रयोजनका लागि प्राप्त रकमको एकद्वार प्रणालीबाट व्यवस्थापन समेतको कार्य गर्ने

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र सभाको कार्यक्षेत्रलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ (संशोधन सहित) ले व्यवस्था गरे अनुरूप व्यापक विस्तार गर्ने र प्रभावकारी बनाउने

४. विभिन्न तालिम प्रदायकहरूबाट दिइने तालिमहरूलाई सम्बन्धित निकायको प्रशासनिक स्वतन्त्रतामा असर नपर्ने गरी परिषद्ले निर्धारण गरेको राष्ट्रिय योग्यताको लचिलो प्रारूपअन्तर्गत रहने व्यवस्था मिलाउने

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा सहयोग गर्न इच्छुक राष्ट्रिय एवम् अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरूले आफ्नो प्रस्तावमा कोषको सहमति लिएर मात्र काम गर्ने

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने निकायहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट जारी भएको मार्गदर्शन र मापदण्ड पालना गर्नुपर्ने तथा परिषद्बाट त्यसको पालना भए-नभएको निरीक्षण एवम् अनुगमन गर्ने

७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने निकायहरूले सञ्चालन गरेका तालिमहरूको गुणस्तर, प्रभावकारिता, समावेशिता तथा निर्धारित मार्गदर्शन र मापदण्डहरूको अनुसरण भए-नभएको अनुगमन तथा मूल्याङ्कन कार्यढाँचा विकास गरी कार्यान्वयन गर्ने

८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू र त्यस्ता कार्यक्रम सञ्चालन गर्ने निकायहरूको हरेक वर्ष कम्तीमा एक पटक अनुगमन गर्ने

९. तालिम प्रदायकहरूको अनुगमन तथा मूल्याङ्कन गर्दा उपलब्धि, असर तथा प्रभाव समेतको सूचना सङ्कलन गरी विश्लेषण गर्ने

१०. सबै तालिम प्रदायक निकायहरू, सरोकारवालाहरू तथा आमसञ्चार माध्यमसँग समेत सहकार्य गरी प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीतिको व्यापक प्रचार प्रसार गर्ने

११. बजारको माग तथा तालिम निकायहरूबाट उत्पादन हुने जनशक्तिबीच तादात्म्य ल्याउनका लागि प्रभावकारी श्रमबजार सूचना प्रणाली तथा तालिम व्यवस्थापन सूचना प्रणालीको विकास गरी सीपयुक्त जनशक्तिको मागको नियमित प्रक्षेपण गर्ने

१२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रलाई थप सुदृढ गर्न गठन गरिने विभिन्न संयन्त्रहरूमा सरोकारवालाहरूको प्रतिनिधित्व गराई उनीहरूबीच समन्वयको व्यवस्था मिलाउने

१३. तालिम प्राप्त व्यक्तिहरूलाई कार्यगत तालिम तथा रोजगारीको अवसर उपलब्ध गराउनका लागि कोषले निजी क्षेत्र एवम् सम्भाव्य रोजगारदाताहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने

१४. स्वरोजगार वा लघु उद्यम स्थापनाका लागि आवश्यक सहुलियत ऋण उपलब्ध गराउन कोषले वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय गर्ने

१५. इच्छुक तथा लक्षित वर्गका नागरिकहरूलाई सहुलियत दरमा कम्तीमा तीन महिने आधारभूत तहको व्यावसायिक तालिम प्रदान गर्न यस कोषलाई परिचालन गर्ने

१६. निजी क्षेत्रमा सञ्चालित तालिम प्रदायकहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको विकास तथा रोजगार प्रवर्धनमा गरेको योगदानका आधारमा प्रोत्साहन गर्ने

१७. वित्तीय संस्था र तालिम प्रदायक निकायहरूका बीचमा समझदारी विकास गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा अध्ययनका लागि सहुलियत ऋण उपलब्ध गराउने

**अनुसूची १**

## नीति कार्यान्वयनका लागि जिम्मेवार निकायहरू

| कार्यहरू | कार्यान्वयन गर्ने निकायहरू |
|---|---|
| राष्ट्रिय स्तरमा परिभाषा र मापदण्ड तयार गरी नियमावलीमा समावेश गर्ने र स्वीकृत परिभाषा र मापदण्डलाई सरोकारवालासम्म पुऱ्याउने । | शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| हरेक जिल्लामा कम्तीमा एउटा व्यावसायिक तालिम संरचना, हरेक अञ्चलमा एक प्राविधिक शिक्षालय/ बहुमहाविद्यालय स्थापना गर्ने । | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| हरेक निर्वाचन क्षेत्रमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र व्यावसायिक तालिम केन्द्र स्थापना गर्ने । | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| जीविकोपार्जनका कार्यक्रमहरू तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने । | प्रा.शि.तथा व्या.ता. प., घरेलु तथा साना उद्योग विभाग, सीप विकास तालिम निर्देशनालय र निजी संस्थाहरू । |
| दुर्गम क्षेत्रमा जान निजी क्षेत्रका तालिम प्रदायकहरूलाई विशेष सुविधाको व्यवस्था मिलाइने । | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| भइरहेका तालिम केन्द्रहरूको क्षमता मूल्याङ्कन गरी आवश्यकताअनुसार क्षमता वृद्धि गर्ने । | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| निजी र गैरसरकारी क्षेत्रका प्राविधिक तथा व्यावसायिक संस्थालाई व्यावसायिक तालिम प्रदान गर्न व्यापक रूपमा परिचालन गर्ने । | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| ेदारीमा औद्योगिक तालिम कार्यक्रम सञ्चालन गर्ने । | प्रा.शि.तथा व्या.ता. परिषद् र नेपाल उद्योग वाणिज्य महासङ्घ |
| ९. तालिम खर्च तथा छात्रवृत्ति नीति र मापदण्ड बनाउने । | शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| . प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कोष स्थापना गरी सञ्चालनमा ल्याउने । | अर्थ, कानुन न्याय,संविधान सभा तथा संसदीय मामिला, शिक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोग । |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई छुट्टाछुट्टै हेर्ने गरी संरचना परिवर्तन गर्ने । | शिक्षा मन्त्रालय र प्रा.शि.तथा व्या.ता. परिषद् । |

| कार्यहरू | कार्यान्वयन गर्ने निकायहरू |
|---|---|
| राष्ट्रिय व्यावसायिक योग्यता प्राधिकरणको स्थापना गरी हालको राष्ट्रिय सीप परीक्षण समितिले गर्ने सम्पूर्ण कार्य सहित सीप परीक्षण कार्यक्रमलाई गुणस्तरीय रूपमा सञ्चालनमा ल्याउने । | अर्थ, श्रम तथा रोजगार, शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| व्यावसायिक योग्यता प्रणालीको विकास गरी सोका लागि कानुनी आधार सुनिश्चत गर्ने र सीप परीक्षणलाई व्यापक बनाई स्वदेशी तथा वैदेशिक रोजगारीमा जानका लागि सीप परीक्षण प्रमाण-पत्र अनिवार्य आधार बनाउने । | श्रम तथा रोजगार, कानुन,न्याय,संविधान सभा तथा संसदीय मामिला, शिक्षा मन्त्रालय र प्रा.शि.तथा व्या.ता.परिषद् । |
| पाठ्यक्रम, पेसागत सीप मापदण्ड र पाठ्यसामग्री तयार गर्ने । | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| समकक्षता प्रणालीलाई प्रभावकारी र समय सापेक्ष बनाउने । | शिक्षा मन्त्रालय, विश्वविद्यालयहरू र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को परीक्षा प्रणालीलाई राष्ट्रिय परीक्षा प्रणालीसँग समन्वय गर्ने । | शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| प्रशिक्षकहरूको दक्षताको परिक्षण गरी अनुमति पत्रको कानुनी व्यवस्था गर्ने, प्रशिक्षकहरूलाई तालिम दिने । | शिक्षा मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र प्राविधिक प्रशिक्षण प्रतिष्ठान |
| . श्रम बजार सूचना प्रणालीको स्थापना र सुदृढीकरण गरी सीपयुक्त जनशक्ति आवश्यकताको हरेक वर्ष प्रक्षेपण गर्ने । | श्रम तथा रोजगार र उद्योग मन्त्रालय |
| . तालिम व्यवस्थापन सूचना प्रणालीको स्थापना गरी श्रम वजार सूचना प्रणालीसँग समन्वयात्मक रूपमा कार्य गर्ने । | श्रम तथा रोजगार मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| .व्यावसायिक सीपमूलक तालिममा एकरूपता ल्याउन, तालिममा दोहोरोपन हटाउन, तालिमलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन केन्द्र र क्षेत्रहरूमा समन्वय समितिको व्यवस्था गर्ने । | शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, श्रम तथा रोजगार मन्त्रालय, साना तथा घरेलु उद्योग विभाग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्र जिल्ला विकास समिति । |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा एकद्वार प्रणालीमार्फत लगानी गर्ने र आवश्यकताअनुसार लचकता अपनाउने । | अर्थ, श्रम तथा रोजगार, उद्योग, शिक्षा, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन, सङ्घीय मामिला तथा स्थानीय विकास, कृषि विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्रा.शि.तथा व्या.ता.परिषद् |
| . विभिन्न गैरसरकारी संस्थाहरूले अन्तराष्ट्रिय स्तरमा प्रस्ताव पेस गरी नेपालमा तालिम कार्यक्रम सञ्चालन गर्न लचकता हुने | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र सम्वन्धित गैर सरकारी संस्था |